# छायाँनाथ रारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गमगढी, मुगु

फोन नं. ०८७-४६०२५२
०८७-४६०२५३
०८७-४६०२५४

Email : ito.chhayanathraramun@gmail.com
Website: www.chhayanathraramun.gov.np

कर्णाली प्रदेश, नेपाल


पत्र संख्या : २०७९/०८०
चलानी नं. :

मिति :- २०७९/१२/२१

**विषय :- व्यवसायिक तरकारी खेती गर्नका लागी बरोजगार महिला तथा युवाहरू लाई आवेदन पेश सम्बन्धमा ।**

**(प्रथम पटक प्रकाशित सूचनाको मिति २०७९/१२/२१)**

**(सूचनाको अन्तीम मिति २०८०/०१/०५ गते मंगलवार)**

प्रस्तुत विषयमा छायाँनाथ रारा नगरपालिका,मुगुको चालु आ.व. २०७९/०८० को एघारौं नगरसभाले केन्द्रिय समानीकरण अनुदान खर्च शिर्षक-२२५२२ बाट **महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम** संचालनका लागी बजेट विनियोजन भै पुन: नगरपालिकाको चालु आ.व. ०७९/०८० को विद्येयक नगरसभा बाट **महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन कार्यविधि-२०७९ को कार्यविधि** पास भएको हुदा सोही कार्यक्रम अनुसार नगरपालिका भित्र बेरोजगार महिला तथा यूवाहरू लाई व्यवसायिक तरकारी खेतीको माध्यम बाट स्वरोजगार गर्ने उद्देश्यले ईच्छुक बरोजगार महिला तथा यूवाहरू लाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलका आवश्यक कागजातहरू संलग्न राखी आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

..............................
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

(गेहेन्द्र बहादुर डाँगी)
प्रमुख प्रशासकीय अधिकृत

**पेश गर्नु पर्ने कागजातहरू :**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलीपी ।
२. बेरोजगार भएको भनि उल्लेख गरिएको वडा कार्यालयको सिफारिस पत्र ।
३. व्यक्तिगत फर्मको हकमा नगरपालिकामा फर्म दर्ता गरेको प्रमाण पत्र र पान नं. प्रमाण पत्रको प्रतिलिपी ।
४. व्यक्तिगत फर्मको हकमा आ.व. ०७८/०७९ को करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
५. व्यवसायिक रूपमा तरकारी खेती गर्ने छौं भनि निवेदकको प्रतिवद्धता पत्र ।
६. शैक्षिक योग्यताको प्रमाण पत्र र बैदेशिक रोजगारमा गई आएको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।
७. आवेदन पेशका लागी सम्बन्धित व्यक्ति वा फर्मको निवेदन पत्र ।

❖ **आवेदन पेश गर्न स्थान :**

➢ छायाँनाथ रारा नगरपालिका,मुगु

❖ **कार्यक्रम तथा आवेदन पेश सम्बन्धि आवश्यक जानकारीका लागी :**

१. केवल बोहोरा - ९८६८३४३७५६ (कार्यक्रम संयोजक)

**बोधार्थ**

१.श्री सूचना अधिकृत Website मा अपलोड गर्न हुन ।



CamScanner